एलओडी क्लब विश्वकै टप ४० मा

ठमेलबाट विश्व संगीत नक्सामा नेपालको पहिचान

काठमाडौं(जस)-काठमाडौंको ठमेलस्थित एलओडी क्लब (लर्ड अफ द ड्रिन्क्स-एलओडी) ले सन् २०२६ का लागि सार्वजनिक विश्वका उत्कृष्ट १०० डिजे क्लबहरूको सूचीमा ४०औं स्थान हासिल गर्दै नेपालको रात्रिकालीन मनोरञ्जन क्षेत्रलाई अन्तर्राष्ट्रिय स्तरमा स्थापित गर्ने महत्वपूर्ण उपलब्धि हात पारेको छ ।

बेलायतको प्रतिष्ठित संगीत म्यागजिन डिजे म्यागले हरेक वर्ष विश्वभरका चर्चित क्लबहरूबीच प्रतिस्पर्धा गराई 'टप १०० क्लब्स' सूची सार्वजनिक गर्ने गर्दछ । यस वर्ष ५०० भन्दा बढी क्लब सहभागी भएको प्रतिस्पर्धामा एलओडीले अघिल्ला वर्षहरूको तुलनामा सुधार गर्दै ४०औं स्थानमा आफूलाई उकास्न सफल भएको हो । एलओडीको यो यात्रा क्रमिक उकालोको उदाहरण बनेको छ । सन् २०२२ मा ५२ औं स्थानबाट सुरु भएको उकालो २०२३ मा ४९औं, २०२४ मा ५० औं, २०२५ मा ४४औं हुँदै यस वर्ष ४०औं स्थानसम्म पुगेको छ । निरन्तर सुधारले क्लबको व्यवस्थापन, सेवा गुणस्तर र अन्तर र ष्ट्रिय स्तरको प्रस्तुति मजबुत हुँदै गएको संकेत गर्छ ।

क्लबका निर्देशक भुपेन कुँवरका अनुसार, यो उपलब्धि एउटा निजी संस्थाको सफलता मात्र नभई नेपालको सांगीतिक पहिचानसँग जोडिएको विषय हो । "एलओडीको स्थान उक्लिनु भनेको नेपाललाई विश्व संगीत र मनोरञ्जन उद्योगमा चिनाउने अवसर हो," उनले भने, "यसले अन्तर्राष्ट्रिय पर्यटक र क्लब संस्कृति पछ्याउने युवालाई नेपालतर्फ आकर्षित गर्छ ।"

ठमेल, जुन काठमाडौंको प्रमुख पर्यटकीय केन्द्र हो, त्यहींबाट सञ्चालन भइरहेको एलओडीले पछिल्लो समय 'नाइटलाइफ डेस्टिनेसन' को रूपमा नेपालको छवि निर्माण गर्न महत्वपूर्ण भूमिका खेलेको छ । अन्तर्राष्ट्रिय डिजेहरूको नियमित प्रस्तुति, अत्याधुनिक साउण्ड र लाइटिङ सिस्टम, तथा व्यवस्थापनको व्यावसायिकता एलओडीलाई विश्वस्तरको क्लबको सूचीमा उभ्याउने प्रमुख आधार बनेका छन् । पर्यटन व्यवसायीहरूका अनुसार, नेपालमा पर्यटन प्रायः हिमाल, संस्कृति र धार्मिक गन्तव्यमा सीमित रहँदै आएको थियो । तर एलओडीजस्ता संस्थाहरूको उदयसँगै 'रात्रिकालीन अर्थतन्त्र' (ल्यनजत भ्अयलकथ) को अवधारणा विस्तार हुँदै गएको छ । यसले पर्यटकको बसाइ अवधि बढाउने, खर्च क्षमता वृद्धि गर्ने र सहरको आर्थिक गतिविधि चौबिसै घण्टा चलायमान बनाउने सम्भावना बोकेको छ ।

एलओडीको अन्तर्राष्ट्रिय मान्यता नेपालका लागि 'सफ्ट पावर' को रूपमा पनि महत्वपूर्ण मानिएको छ । संगीत, मनोरञ्जन र युवा संस्कृतिमार्फत देशको पहिचान विस्तार गर्ने माध्यमका रूपमा यसलाई हेर्न थालिएको छ । कुँवरका अनुसार, क्लबले अब अन्तर्राष्ट्रिय मापदण्डअनुसार थप स्तरोन्नति गर्दै नयाँ अनुभव प्रदान गर्ने योजना बनाएको छ । "यो उपलब्धिले हामीलाई थप जिम्मेवार बनाएको छ । अब लक्ष्य केवल सूचीमा रहनु होइन, अझ माथि उक्लिनु हो," उनले स्पष्ट पारे । समग्रमा, एलओडी क्लबको यो सफलता केवल एक व्यवसायिक उपलब्धि होइन, यसले नेपालको पर्यटन, संगीत र शहरी संस्कृतिलाई विश्व बजारमा चिनाउने एउटा सशक्त प्लेटफर्मको रूपमा आफूलाई स्थापित गरेको देखिन्छ ।

दुर्गम क्षेत्रमा जोखिममा परेका गर्भवती र सुत्केरी महिलाको हवाई उद्धार

काठमाडौं(जस)-महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले राष्ट्रिय महिला सशक्तीकरण परियोजना अन्तर्गत दुर्गम तथा विकट क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरूको उद्धारका लागि हवाई सेवा सञ्चालन गर्दै आएको छ ।

मन्त्रालयका अनुसार यो कार्यक्रमले स्वास्थ्य सेवा सहज रूपमा उपलब्ध नभएका तथा सडक पहुँच कमजोर रहेका क्षेत्रमा बसोबास गर्ने महिलाहरूलाई समयमै उपचार उपलब्ध गराउन महत्वपूर्ण भूमिका खेलेको छ । विशेषगरी आकस्मिक अवस्थामा पर्ने गर्भवती तथा सुत्केरी महिलालाई जीवनरक्षा गर्ने उद्देश्यले नेपाली सेनासँगको सहकार्यमा उद्धार कार्य सञ्चालन गरिँदै आएको छ ।

यसै क्रममा बैशाख ३ गते रुकुम पश्चिम जिल्लाका दुई जना महिलाको सफल उद्धार गरिएको मन्त्रालयले जनाएको छ। त्रिवेणी गाउँपालिका-७ की २४ वर्षीया र मुसिकोट नगरपालिका-२ की २२ वर्षीया गर्भवती/सुत्केरी महिला तथा नवजात शिशुको अवस्था जटिल बनेपछि तत्काल उद्धारको आवश्यकता परेको थियो ।

उक्त घटनामा नेपाली सेनासँगको समन्वय तथा सहकार्यमा हेलिकोप्टरमार्फत उनीहरूलाई उद्धार गरी सुर्खेत स्थित प्रदेश अस्पतालमा सुरक्षित रूपमा पुर्याइएको मन्त्रालयले जनाएको छ । हाल उनीहरूको स्वास्थ्य अवस्था सामान्य रहेको र चिकित्सकीय निगरानीमा उपचार भइरहेको जानकारी दिइएको छ । मन्त्रालयले यस्तो कार्यक्रमले दुर्गम क्षेत्रमा मातृ तथा शिशु मृत्युदर न्यूनीकरण गर्न महत्वपूर्ण योगदान पुर्याइरहेको जनाएको छ । साथै आगामी दिनमा पनि यस्ता उद्धार कार्यलाई अझ प्रभावकारी बनाउँदै लैजाने प्रतिबद्धता व्यक्त गरेको छ ।

अन्तरराष्ट्रिय आरोग्य दिवसका अवसरमा विदेशस्थित नेपाली नियोगमा विविध कार्यक्रम

काठमाडौं(जस)-अन्तरराष्ट्रिय आरोग्य दिवसका अवसरमा विश्वका विभिन्न मुलुकस्थित नेपाली नियोगमा विविध कार्यक्रम आयोजना गरिएका समाचार प्राप्त भएका छन् । ढाका, मस्को, कोलोम्बो, टोकियो, ओटावा तथा सोलमा रहेको नेपाली राजदूतावास तथा चीनको ग्वान्जोओस्थित महावाणिज्य दूतावासमा उक्त दिवस मनाइएको ती दूतावासले बिहीबार जारी गरेका बेग्लाबेग्लै विज्ञप्तिमा जनाइएको छ ।

ती कार्यक्रममा परराष्ट्रमन्त्री शिशिर खनालले जारी गरेको आरोग्य दिवसम्बन्धी भिडियो सन्देश प्रस्तुत गरिएको थियो । टोकियोस्थित नेपाली दूतावासमा नेपाली उत्पादन शिलाजित च्यूरीको तेल, जैविक चिया, 'हिमालयन वाथ साल्ट' र 'सिडडिङ वाउल' को प्रदर्शनी गरिएको थियो । त्यस अवसरमा साथै नेपालका पर्यटकीय क्षेत्र र पदमार्गसम्बन्धी प्रचारात्मक सामग्री जापानी अथितिहरूलाई निःप्रदान गरिएको थियो ।

समग्र स्वास्थ्य, सुख र सन्तुलित जीवनशैली प्रवर्द्धन गर्ने उद्देश्यले संयुक्त राष्ट्रसङ्घको महासभाले अप्रिल १५ लाई अन्तरराष्ट्रिय आरोग्य दिवसका रूपमा घोषणा गरेको हो । हरेक वर्ष आरोग्य दिवस मनाउन नेपालले गरेको प्रस्तावलाई महासभाले गत फागुन २६ गते अनुमोदन गरेको हो । सस्तो, सुलभ र समावेशी स्वास्थ्य अभ्यास अवलम्बन गर्न सबैलाई प्रेरित गर्नु यो दिवसको लक्ष्य हो ।

रोग लागेपछि उपचार गर्नेभन्दा रोग लाग्नै नदिने निवारणमुखी उपाय, स्वस्थ जीवनशैली र मानिस केन्द्रित स्वास्थ्य प्रणालीमार्फत जीवन रक्षा, स्वास्थ्य खर्च न्यूनीकरण तथा रोकथामयोग्य रोग नियन्त्रणमा महत्त्वपूर्ण योगदान पुग्ने विश्वास गरिएको छ । दिगो विकास लक्ष्यको तेस्रो बुँदामा स्वास्थ्यलाई उच्च प्राथमिकतामा राखिएको छ । सबै उमेर समूहका मानिसका लागि स्वस्थ जीवन सुनिश्चित गर्ने यसको लक्ष्य छ । मातृ तथा शिशु स्वास्थ्य, सरुवा तथा नसर्ने रोग नियन्त्रण, आवश्यक औषधि तथा खोपमा पहुँच, मानसिक स्वास्थ्य प्रवर्द्धन र स्वास्थ्य असमानता न्यूनीकरण यस लक्ष्यका प्रमुख प्राथमिकता हुन् ।

कालिका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रेडक्रसग्राम, चितवन

सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशन मिति: २०८३-०१-०४)

यस कालिका नगरपालिकावाट तपसिलमा उल्लेखित मितिमा प्रकाशित सिलबन्दी दरभाउपत्र आह्वान सूचनाको म्याद भित्र पर्न आएका सिलबन्दी दरभाउपत्रहरुको मूल्यांकन हुँदा न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही तपसिल अनुसारको सिलबन्दी दरभाउपत्र स्वीकृतिका लागि पेश भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) प्रयोजनका लागि सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

तपसिल:

S. N.	Bid IFB No.	Name of Projects	Date of First Notice Publication	Quoted Amount with VAT (NRs.)	Name of Lowest Evaluated Substantially Responsive Bidder	Remarks
1.	05/Goods/SQ/ KM/082/083	SUPPLY AND DELIVERY OF STATIONERY ITEMS	2082-12-09 (BS)	13,90,691.00	N.P. Trade and Stationery Suppliers, Baneshwor, Kathmandu	

प्रमुख प्रशासकीय अधिकृत

कुमारी बैंक लिमिटेड शाखा कार्यालय पथरीको तपसिलमा उल्लेखित ऋणी एवं जमानतकर्ताहरूलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न आउने बारे ९० दिने सुचना

(प्रकाशित मिति २०८३/०१/०४ गते जनसवाल दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय पथरीका तपसिलमा उल्लिखित ऋणीले प्राप्त गरेको ऋणकर्जा भाखा नाघी/कर्जा दुरुपयोग गरी बैंकसंग कर्जा लिदाको वखत गरेको लिखित सम्झौतहरुको उल्लघन गरेकाले बैंकले निज ऋणीको कजौ असुलीका लागी ऋणी तिर्न बुझाउन आउने बारेको ३५ दिने सार्वजनिक सुचनाको प्रकाशन गरी ताकेता गर्दा समेत ऋणी तथा जमानीकर्ताले बैंकको कर्जा चुक्ता भुक्तान नगरे पश्चात् बैंकले कर्जामा धितो सुरक्षण लिएको सम्पति लिलाम बिक्रि गरी कर्जा असुल उपर गर्ने प्रक्रियामा धितो लिलाम बिक्री/गैरबैंकिङ्ग सम्पति सकारबाट समेत निज ऋणीको नाममा रहेको कर्जा चुक्ता भुक्तान नभएको, निज ऋणी तथा जमानतकर्ताले बैंकको बाकि बक्यौता कर्जा रकम चुक्ता भुक्तान नगरेको र कर्जा चुक्ता भुक्तान गर्नेतर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले तपाई तपसिलमा उल्लिखित ऋणी र कर्जाका संस्थागत/व्यक्तिगत जमानतकर्ताहरुको नाममा कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको यो ९० (नब्बे) दिने सार्वजनिक सुचना प्रकाशित गरिएको छ ।

यो सुचना प्रकाशित भएको मितिले **९० (नब्बे)** दिन भित्र यस बैंकमा सम्पर्क राखी निज ऋणी वा कर्जाका जमानीकर्ताले निज ऋणीको नाममा बाँकी रहेको बक्यौता कर्जा रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तिय संस्थाको ऋणी असुली ऐन २०५८ र सोको नियमावली २०५९, नेपाल राष्ट्र बैंकका निर्देशन, परिपत्र, सुचना र अन्य प्रचलित ऐन कानुन तथा यस बैंकसंग भए गरेको सम्झौता तथा लिखत बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गरी कर्जा असुलीका लागि आवश्यक अन्य प्रक्रिया अगाडी बढाईने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

तपसिल

ऋणीको विवरण

१. **इन्द्र प्रसाद रौनियार**
ना.प्र.नं.- ४३३०६–४५३०६
जारी मिति - २०५५/०२/१९, जि.प्र.का. सुनसरी
बाबु - जोखन राम रौनियार
बाजे - दुनाई राम रौनियार
स्थायी ठेगाना- सुनसरी जिल्ला, बकलौरी गा.वि.स. वडा नं. ०१
हालको ठेगाना- सुनसरी जिल्ला, रामधुनी न.पा. वडा नं. ०७

व्यक्तिगत जमानीकर्ताहरूको विवरण

१. **ललिता देवि रौनियार**
ना.प्र.नं.- ०६३०१८–३१३
जारी मिति - २०७०/०२/२३, जि.प्र.का. सुनसरी
बाबु - विश्वनाथ गुप्ता
पति- इन्द्र प्रसाद रौनियार
स्थायी ठेगाना- सुनसरी जिल्ला, बकलौरी गा.वि.स. वडा नं. ०१
हालको ठेगाना- सुनसरी जिल्ला, रामधुनि न.पा. वडा नं. ०७

२. **शंकर कुमार गुप्ता**
ना.प्र.नं.- ०६१०१८–१४३५८३
जारी मिति - २०६६/०७/२३, जि.प्र.का. सुनसरी
बाबु - घनश्याम राम रौनियार
आमा - उष देवि रौनियार
स्थायी ठेगाना- सुनसरी जिल्ला, बकलौरी गा.वि.स. वडा नं. ०१
हालको ठेगाना- सुनसरी जिल्ला, रामधुनि न.पा. वडा नं. ०७

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय पथरी फोन नं. ०२१-५५६१३६

सिद्धकाली बचत तथा ऋण सहकारी संस्था लि.

ललितपुर महानगरपालिका २५, सैंवु, भैसेपाटी
फोन नम्बर: ५५९२०३९, इमेल: siddhakalisahakari@gmail.com

कर्जा चुक्ता गर्न आउने ३५ दिने सुचना

प्रथम पटक प्रकाशित मितिः २०८३।०१।०४

यस संस्थाको तपशिलमा उल्लेखित ऋणी सदस्यले उपभोग गरेको कर्जाको सावाँ, व्याज र हर्जना रकम तिर्न बुझाउनु पर्नेमा हालसम्म नबुझाई कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लंघन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित रुपमा कर्जा तिर्न बुझाउन बारम्बार ताकेता गर्दा समेत संस्थालाई तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बाँकी राखी कर्जा चुक्ता गर्ने तर्फ तत्परता नदेखाएको हुनाले कर्जा चुक्ता गर्न वा बुझाउन आउन यो ३५ दिने सुचना प्रकाशित गरिएको छ । यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र संस्थालाई बुझाउनुपर्ने कर्जाको साँवा, ब्याज तथा हर्जना समेत बुझाउन हुन सम्बन्धित ऋणी सदस्य र व्यक्तिगत जमानीकर्ताहरुलाई सुचित गरिन्छ ।

तपशिल

क्र.सं	ऋणीको नाम र ठेगाना	व्यक्तिगत जमानीकर्ता
१	**नाम**: **शिवराज ढकाल** **बाबु**: नेत्रप्रसाद **बाजे**: देव शर्मा **स्थायी ठेगाना** : इलाम, प्याङ-०३, **ना.प्र. नं**: ४२०, २०५४/०७/०३, ईलाम ।	**नाम**: **गोकुल विश्वकर्मा** बुवा / पति नाम : बाजेको नाम: N/A स्थायी ठेगानाः ललितपुर, बुंगमति - २२ ना. प्र. नं: N/A

क्र.सं	धितो राखिएको सम्पति विवरण
१	**उग्रचण्डी नाला** गा.वि.स./न.पा. स्थित **कित्ता नं. ४५५** को **१-२-१-०, ५८०.२८ ब.मी.)** **क्षेत्रफल** रहेको **जग्गा र जग्गामा बनेको घर तथा लिगलिगापात समान ।**

सोपान बचत तथा ऋण सहकारी संस्था लिमिटेड

विश्वज्योति मल, जमल, काठमाडौं, फोन नं: ०१-५३२८२०४

कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरूरी सार्वजनिक सूचना

प्रकाशित मितिः २०८३।०१।०४

यस सोपान बचत तथा ऋण सहकारी संस्था लिमिटेडको तपशिलमा उल्लेखित तपाई ऋणी सदस्यहरूले लिनुभएको कर्जा संस्थालाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज र हर्जाना रकम भुक्तान गर्न तपाईलाई पटक पटक मौखिक एवं लिखित रुपमा तारताकेता गर्दा कर्जा चुक्ता भुक्तान नगरी संस्थासंग गर्नुभएको सर्त कबुलियतको उल्लंघन गर्नुभएकोले तपशिलमा उल्लेखित ऋणी सदस्यहरुले कर्जा चुक्ता भुक्तान गर्न यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ । पैतिस) दिन भित्र यस संस्थामा उपस्थित भई कर्जाको सम्पूर्ण सांवा, व्याज र हर्जाना समेत चुक्ता गर्नुहुन अनुरोध गर्दछौ । अन्यथा प्रचलित ऐन, नियम अनुशार कानुनी कारवाही अगाडी बढाइने व्यहोरा यसै सूचना मार्फत जानकारी गराइन्छ । साथै व्यक्तिगत जमानीकर्ता तथा सरोकारवालाहरुले समेत यसै सूचना बमोजिम जानकारीको लागि अनुरोध छ ।

तपशिल

क्र.सं	ऋणीको नाम र ठेगाना	फोटो
१	**ऋणी सदस्य : श्री राम बहादुर कार्की** नागरिकता नं : २४३३१, जारी जिल्ला : दोलखा, जारी मितिः २०५९।०१।२६ **तिनपुस्ते विवरण** : श्री भक्त बहादुर कार्कीको नाति श्री जय बहादुर कार्कीको छोरा श्री जयन्ती उप्रेतीको श्रीमान् दोलखा जिल्ला घ्याङसुकाठोकर गा.वि.स वडा नं ६ स्थाई ठेगाना भएको हाल काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं ४, बालुवाटार बस्ने वर्ष ४२ को श्री राम बहादुर कार्की । **व्यक्तिगत जमानीकर्ताको विवरण** **श्री जयन्ती उप्रेती** नागरिकता नं २२८५९, जारी जिल्ला दोलखा, जारी मितिः २०५८।०९।१५ । **तिनपुस्ते विवरण** : श्री कृष्ण गोपाल उप्रेतीको नातिनी श्री सोम प्रसाद उप्रेतीको छोरी श्री राम बहादुर कार्कीको श्रीमती दोलखा जिल्ला गौरीमुदी गा.वि.स वडा नं ३ स्थाई ठेगाना भएको हाल काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं ४, बालुवाटार बस्ने वर्ष ४३ को श्री जयन्ती उप्रेती ।	
२	**२. ऋणी सदस्य : श्री जयन्ती उप्रेती** नागरिकता नं २२८५९, जारी जिल्ला दोलखा, जारी मितिः २०५८।०९।१५ । **तिनपुस्ते विवरण** : श्री कृष्ण गोपाल उप्रेतीको नातिनी श्री सोम प्रसाद उप्रेतीको छोरी श्री राम बहादुर कार्कीको श्रीमती दोलखा जिल्ला गौरीमुदी गा.वि.स वडा नं ३ स्थाई ठेगाना भएको हाल काठमाण्डौं जिल्ला का.म.न.पा.वडा नं ४, बालुवाटार बस्ने वर्ष ४३ को श्री जयन्ती उप्रेती । **व्यक्तिगत जमानीकर्ताको विवरण** **श्री राम बहादुर कार्की** नागरिकता नं : २४३३१, जारी जिल्ला दोलखा, जारी मितिः २०५९।०१।२६ **तिनपुस्ते विवरण** : श्री भक्त बहादुर कार्कीको नाति श्री जय बहादुर कार्कीको छोरा श्री जयन्ती उप्रेतीको श्रीमान दोलखा जिल्ला घ्याङसुकाठोकर गा.वि.स वडा नं ६ स्थाई ठेगाना भएको हाल काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं ४, बालुवाटार बस्ने वर्ष ४२ को श्री राम बहादुर कार्की ।	
३	**३. ऋणी सदस्य : श्री सन्तोष राज कार्की** नागरिकता नं २२-०१-७०-००७०८, जारी जिल्ला दोलखा, जारी मितिः २०७०/०२/१९ तिनपुस्ते विवरण : श्री भक्त बहादुर कार्कीको नाति श्री जय बहादुर कार्कीको छोरा दोलखा जिल्ला घ्याङसुकाठोकर गा.वि.स वडा नं ६ स्थाई ठेगाना भएको हाल काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं ४, बालुवाटार बस्ने वर्ष ३० को श्री सन्तोष राज काकी । **व्यक्तिगत जमानीकर्ताको विवरण** **श्री राम बहादुर कार्की** नागरिकता नं : २४३३१, जारी जिल्ला दोलखा जारी मितिः २०५९।०१।२६ **तिनपुस्ते विवरण** : श्री भक्त बहादुर कार्कीको नाति श्री जय बहादुर कार्कीको छोरा श्री जयन्ती उप्रेतीको श्रीमान दोलखा जिल्ला घ्याङसुकाठोकर गा.वि.स वडा नं ६ स्थाई ठेगाना भएको हाल काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं ४, बालुवाटार बस्ने वर्ष ४२ को श्री राम बहादुर कार्की ।	

जापानमा रोजगारीको अवसर

कम्पनी: Diverse Asian Industries Cooperative **शहर** : Osaka

पूर्व स्वीकृति मितिः २०८२-१२-३० **च.नं:** 60254023 L.T. No : 340524

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब YEN	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Hotel Staff	0	2	स.काममा दक्ष	194400	१,८१,३४७।-	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छैन	छ	३ वर्ष

पूर्व स्वीकृति मितिः २०८२-१२-३० **च.नं:** 60254029 L.T. No : 340607

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब YEN	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Hotel Staff	0	2	स.काममा दक्ष	180700	१,६८,४९६।-	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छैन	छ	३ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ बैशाख ११ गते (24 April 2026) **हुनेछ ।**

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाता कम्पनीले व्यहोर्ने	कामदार आफैले	बिमा हुने/ प्रिमियम रोजगारदाताले	रोजगार दाताले दिने	रोजगार दाताले व्यहोर्ने	कामदार आफैले	रु. ७००/- कामदारले तिर्ने	रु. १,५००/- कामदारले तिर्ने	रु.१०,०००।- कामदारले तिर्ने

प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:
(क) नेपाली नागरीक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई ३० वर्ष ननाघेको हुनुपर्नेछ । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) निर्माण सम्बन्धि कामको निर्मित सम्बन्धित उद्योग, उद्यम वा सम्बन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:
(क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र । (छ) नेपालमा आफु कार्यरत रहेको सम्बन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फॉर्क आएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिबद्धता सम्बन्धि कागजको प्रतिलिपि ।

१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति : स्थान यस प्रालिको कार्यालय, यो सुचना प्रकाशित भएको मितिले ७ दिन भित्र
२) प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवद्धन खर्च समेतको) कुल खर्च : ४०,०००/-
३) प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान, छनौट तरिका, अन्तर्वार्ता : प्रा. लि. को कार्यालय ।
नोट : वैदेशिक रोजगार ऐन २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी, जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवंम दुर्गम क्षेत्र तथा वैविक प्रकोप पिडित व्यतिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिनेछ ।

वैदेशिक रोजगार विभागबाट गराईएको जानकारी :
१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस् । आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस् ।
२) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् ।
३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस् ।
४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस् ।
५) अनिवार्य रुपमा बिमा गराउनुहोस् ।
६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस् । सोको एक प्रति आफुसँग राख्नुहोस् ।
७) श्रम स्वीकृतिबिना वैदेशिक रोजगारीमा नजानुहोस् । वैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस् । वैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नुहोस् । इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुरा बुझ्नुहोस् । अन्यथा ठगिने सम्भावना हुन्छ ।
८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोस् ।
९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस् ।
१०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस् ।
११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस् । **जापानीज भाषामा N4 Level पास गरेका आवेदकहरूलाई प्राथमिकता दिइनेछ ।**

Lic. No.: 1043/073/74
DD Human Resource Private Limited
डि.डि ह्युमन रिसोर्स प्रा. लि.
सम्झुमार्ग रोड नं.१, एयरपोर्ट काठमाडौं, Phone : 01- 5901569
E-mail : contact@dd-human.com